# त्रि.वि. व्यवस्थापन संकाय, डीनको कार्यालयको सेमेष्टर प्रणालिको स्नातक तहमा भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना

यस व्यवस्थापन संकायद्वारा संचालित सेमेष्टर प्रणाली अन्तर्गत स्नातक तहका BBA, BBM, BIM, BHM, BTTM, BPA, BMS र BBA-F कार्यक्रममा भर्ना सम्बन्धी देहाय अनुसारको व्यवस्था गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१) व्यवस्थापन संकायद्वारा संचालन हुने सेमेष्टर प्रणालीको स्नातक तहमा भर्ना हुन मान्यता प्राप्त शिक्षण संस्थाबाट 10+2 वा सो सरहको तहमा कम्तीमा दोश्रो श्रेणीमा उत्तिर्ण भएको वा कक्षा ११ र १२ मा हरेक विषयमा कम्तीमा D+ Grade का साथमा CGPA 1.8 वा सो भन्दा बढी प्राप्त गरेको हुनुपर्नेछ।

२) व्यवस्थापन संकाय, डीनको कार्यालयले प्रवेश परीक्षा (CMAT) बाट न्यूनतम अंक प्राप्त गरि उक्त परीक्षा उर्त्तिण भएका विद्यार्थीहरुका लागि कम्तीमा ५ (पाँच) दिनको समय दिई सम्बन्धित क्याम्पस/कलेजहरुले विद्यार्थी भर्नाका लागि आवेदन आव्हान गर्दै भर्ना प्रकृया सञ्चालन गर्नु पर्ने छ।

३) प्रवेश परीक्षा (CMAT) उर्त्तिण विद्यार्थीहरुले कार्यक्रम संचालन भएका जुनसुकै क्याम्पस / कलेजमा भर्नाका लागि आवेदन दिन सक्नेछन् र यसरी आवेदन दिएका विद्यार्थीहरुमध्येबाट छनौट प्रकृया अगाडी बढाउनु पर्नेछ।

४) यस संकायले तोकेको भर्नाको आधार अनुसारको योग्यताक्रम (Merit Basis) नतिजा प्रकाशन गरी सम्बन्धित क्याम्पस/कलेजहरुले विद्यार्थी भर्ना लिनु पर्ने छ।

५) BBA, BBM, BIM, BPA, BTTM, BMS, BHM र BBA-F मा प्रत्येक क्याम्पस/कलेजले विद्यार्थी भर्ना कोटाको १० प्रतिशतले हुन आउने विद्यार्थीहरुलाई अनिवार्य छात्रवृत्ति उपलब्ध गराउनु पर्ने छ। छात्रवृत्ति कोटामा विद्यार्थी भर्नाका लागि प्रवेश परीक्षा (CMAT) मा सम्मिलित भई भर्नाका लागि योग्य ठहरिएका विद्यार्थीहरुबाट अनिवार्य रुपमा आवेदन (व्यवस्थापन संकाय, डीनको कार्यालय, त्रि. वि. को वेबसाइट **www.tudoms.org / www.fomecd.edu.np** मा राखिएको) आव्हान गरि विद्यार्थीहरुको छनौट प्रकृया सञ्चालन गर्नुपर्नेछ। छात्रवृत्ति कोटामा विद्यार्थी भर्ना देहायको प्राथमिकताक्रमको आधारमा योग्यताक्रम अनुसार छनौट गर्नु पर्नेछ :-

   क) नेपालका सरकारी वा सामुदायिक मा.वि. बाट प्रवेशिका **(SEE)** र सरकारी वा सामुदायिक उच्च मा.वि. बाट दश जोड दुई परीक्षा उत्तिर्ण गरेको।

   ख) नेपालको सरकारी वा सामुदायिक उच्च मा.वि. बाट दश जोड दुई परीक्षा उत्तिर्ण गरेको।

   ग) नेपालका सरकारी वा सामुदायिक मा.वि. बाट प्रवेशिका **(SEE)** परीक्षा उत्तिर्ण गरेको।

   घ) छात्रवृत्ति सम्बन्धी त्रि.वि. कार्यकारी परिषद्द्वारा पारित छात्रवृत्ति सम्बन्धी निर्णय नं २६६६२ तथा नेपाल सरकारद्वारा निर्धारण गरिएको आधारहरुलाई समेत मार्गनिर्देशक आधारका रुपमा लिनु पर्नेछ। साथै सामुदायिक विद्यालयबाट अध्ययन गरेका विद्यार्थीहरु प्राथमिकता सूचिमा राख्दा प्रवेशिका र दश जोड दुई दुवै सामुदायिक विद्यालयबाट अध्ययन गरेका विद्यार्थीलाई पहिलो प्राथमिकता सूचिमा र दुई मध्ये एक मात्र सामुदायिक विद्यालयबाट अध्ययन गरेका विद्यार्थीलाई दोश्रो प्राथमिकता सूचिमा राखि छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

**नोटः** छात्रवृत्ति कोटामा भर्ना भएका विद्यार्थीको सूचि भर्ना गरिएको १५ दिन भित्र अनिवार्यरुपमा यस संकाय, डीनको कार्यालयमा पठाउनु पर्नेछ। उक्त छात्रवृत्ति प्राप्त विद्यार्थीको सूचि यस संकायको वेभ पेजमा प्रकाशित गरिने छ।

६) **प्रवेश परीक्षा (CMAT) - सन् २०२१ मा सम्मिलित भै भर्नाका लागि आवश्यक न्यूनतम योग्यता पुगेका विद्यार्थीहरुको भर्नाको आधार निम्नानुसार कायम गरिएकोछ :-**

**BBA, BBM, BIM, BPA र BBA-F कार्यक्रमको लागि**

- प्रवेश परीक्षा (CMAT) प्राप्ताङ्कको ६० प्रतिशत
- दश जोड २ वा सो सरह उत्तिर्ण प्राप्ताङ्क प्रतिशतको ३० प्रतिशत
- अन्तर्वार्ता १० प्रतिशत

**BHM, BTTM र BMS कार्यक्रमको लागि**

- प्रवेश परीक्षा (CMAT) प्राप्ताङ्कको ५० प्रतिशत
- दश जोड २ वा सो सरह उत्तिर्ण प्राप्ताङ्क प्रतिशतको ३० प्रतिशत
- समुह छलफल १० प्रतिशत
- अन्तर्वार्ता १० प्रतिशत

७) 10+2 को प्राप्ताङ्कलाई ३० प्रतिशत नम्बर दिदा निम्नबमोजिम गर्नुपर्नेछ।

- प्रति विषयमा प्राप्त गरेको ग्रेड A+ बरावर 3.0 नम्बर
- प्रति विषयमा प्राप्त गरेको ग्रेड A बरावर 2.5 नम्बर
- प्रति विषयमा प्राप्त गरेको ग्रेड B+ बरावर 2.0 नम्बर
- प्रति विषयमा प्राप्त गरेको ग्रेड B बरावर 1.5 नम्बर
- प्रति विषयमा प्राप्त गरेको ग्रेड C+ बरावर 1.0 नम्बर

- प्रति विषयमा प्राप्त गरेको ग्रेड C बरावर  0.5 नम्बर
- प्रति विषयमा प्राप्त गरेको ग्रेड D+ बरावर 0.0 नम्बर

प्रतिशतमा मुल्याङ्कन भएका परीक्षार्थीहरुको मूल्यांकनगर्दा प्राप्त प्रतिशतको ३० प्रतिशत ले हुन आउने नम्बर कायम हुनेछ

८) प्रवेश परीक्षा (CMAT) – 2021 उर्त्तिण गरी सबै छनौट प्रकृयामा सरिक भएका विद्यार्थीहरु मात्र भर्नाका लागि योग्य हुने छन् । साथै अन्तरवार्ता र समुह छलफलको मूल्यांकन बापतको अंक न्यूनतम चालिस प्रतिशत हुने र असी प्रतिसत भन्दा बढी भएमा औचित्य पुष्टि गर्नु पर्नेछ ।

सहायक डीन
परीक्षा नियन्त्रण महाशाखा